**यस वैठकका अध्यक्ष एवम् उपप्रमुखज्यू !**

**नगरसभाका सदस्यज्यूह**रू !

आज हामी विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरस(कोभिड १९) को कारण उत्पन्न विषम परिस्थितिमा छौं । कोभिड- १९ को संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न स्थानीय सरकारको रूपमा हामी नगरबासीको लोकतान्त्रिक अभिब्यक्तिलाई शिरोधार्य गर्दै अहोरात्र खटिई आम नगरबासीको साथ र सहयोगमा सुनवल नगरपालिकाले आफ्नो भरपुर प्रयास जारी राखेको व्यहोरा सर्वविदितै छ । नगरबासी नागरिकको सहयोगबाट समुदाय क्वारेन्टाइन, नगर क्वारेन्टाइन, नगरीस्तरीय आइसोलेशनमार्फतसमुदायमा कोरोना संक्रमण फैलन नदिन अविछिन्न खटिरहेका छौं । यस कार्यमा आर्थिक सहयोग गर्नुहुने, अग्रपंक्तिमा रही कार्य गर्नुहुने स्वास्थ्यकर्मी, कर्मचारी, उद्यमी, राजनीतिक दल, सहकारी संघसंस्था, नागरीक समाज सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आम निर्वाचनमार्फत नगरबासीको जनअभिमतबाट हामीमा सुम्पेको जिम्मेवारीलाई हृदयंगम गर्दै **समृद्ध सुनवलः हाम्रो अभियान** भन्ने संकल्पलाई पूरा गर्न **कृषि पर्यटन, प्राकृतिक स्रोत, उद्योग र व्यापारः संमृद्ध सुनवलको बलियो आधार** भन्ने दूरदृष्टिका साथ उपलब्ध सीमित साधन र स्रोतलाई समन्यायिक तरिकाले परिचालन गरिरहेका छौं । सुनवलको विकास र समृद्धिमा आउने चुनौतिहरूलाई अवसरको रूपमा लिई थप उर्जाशील भई जिम्मेवारीका साथ पहिचान पश्चात् थालनी भएका विकासका कार्यहरू तिब्र गतिमा संचालन भइरहेकै अवस्थामा जटिल आर्थिक र मानवीय संकटबाट नगरबासीलाई बचाइराख्न थप लगानी, सार्थक क्रियाशीलता एवम् मानवीय सोच र नैतिक जिम्मेवारी अरु थपिएको छ । कोरोना महामारीको कारण उत्पन्न आर्थिक संकुचन, अवसरको गिरावट, उत्पादन र उत्पादकत्वमा हुने संकुचन, मनोसामाजिक समस्याहरू, राहत र पुनर्उत्थानका अपेक्षाहरू पुरा गर्नुपर्ने अपरिहार्य दायित्वबोधलाई हृदयांगम गर्दै आज म सुनवल नगरपालिकाको प्रमुखका हैसियतल पहिलो कार्यकालको चौथो बर्षमा आगामी आर्थिक वर्ष २०७७७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय नगर सभा बैठकमा उपस्थित हुन पाउँदा गौरवान्वित भएको छु ।

यस घडीमा म राष्ट्रका लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीद विष्णु पाण्डे लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहीदका योगदानको स्मरण गर्दछु । गणतान्त्रिक नेपालको संविधानमा व्यवस्था भएको तीन तहको सरकारमध्ये नागरिका

दैलोको    सरकार, स्थानीय सरकार मार्फत नगरबासीको सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण मतदाता तथा राजनीतिक दलका अग्रजहरूको योगदानलाई पनि स्मरण गर्दै  हार्दिक सम्मान गर्न चाहान्छु ।

संघीय गणतान्त्रिक नेपालमा नगारिकको सवैभन्दा नजिकको सरकार स्थानीय तहको निर्वाचनपश्चात सुनवलबासी आमा बुवा, दिदीबहिनी तथा दाजुभाइहरूको  विश्वास, भरोसा, माया र सद्भाबबाट हामीलाई प्राप्त जिम्मेवारीलाई हृदयांगम गर्दै पहिलो नगरसभाबाट पहिचान भएका सुनवल विकासका मुख्य आधारहरूमा ध्यान केन्द्रित गरेका छौं । "समृद्ध सुनवल, हाम्रो अभियान' भन्ने संकल्पलाई मूर्त रूप दिन "कृषि, पर्यटन, प्राकृतिक स्रोत, उद्योग र व्यवापारः समृद्ध सुनवलको वलियो आधार' भन्ने दूरदृष्टीलाई स्मार्ट सुनवल नगरपालिकको जगका रूपमा लिएका छौं । सुनवललाई  SUNWAL शब्दमा जस्तै  S बाट Sustainable and Inclusive Development, (दिगो र समावेसी विकास), U ले Upgraded Knowledge and Skill, (ज्ञान र क्षमताको अभिबृद्धि), N ले Naturally Sunwal (प्रकृतिमय सुनवल), W ले Women Children, Elder and Deprived Persons Prosperity (महिला, बालबालिका, बृद्ध र सिमान्तीकृत बर्गको उत्थान) A ले (Active Youth) (उर्जाशील यूवा) र L ले Local Vibrant Economy (स्थानीय जीवन्त अर्थ व्यवस्था) भन्ने मूल मन्त्रलाई ब्यवहारमै कार्यान्वयन गर्न हाम्रा स्रोतहरूलाई केन्द्रित गरेका छौं ।

सुनवलका विकासको महाअभियानमा नगरबासीको अर्थपूर्ण समानुपातिक समावेशीपूर्ण सहभागिता गराउँदै थप चुनौतिपूर्ण बन्दै गएको यस कठिन घडीमा आ-आफ्नो क्षेत्रबाट प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्नु हुने सुनवलका अग्रज व्यक्तित्वहरू, निजी तथा सहकारी संघसंस्थाको योगदान, सम्पूर्ण आदरणीय नगरबासीहरूको सहयोग र विश्वासका साथ सुनवलको विकास र समृद्धिको यात्रामा अविचलित रूपमा अधि बढ्न प्रेरणा दिनुहुने सबैप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू !

नेपालको संविधानमा भएको व्यवस्था र उक्त संविधान वमोजिम स्थानीय तहको एकल तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकारले अन्तराष्ट्रिय मञ्चमा जाहेर गरेका प्रतिबद्धताहरू कार्यान्वयनका विषय, सन् २०१५ देखि २०३० सम्मका लागि तय

भएका दिगो विकासका लक्ष्यहरू, सामाजिक न्याय, सुशासन, आधारभूत मौलिक हकहरू, मैत्रीपूर्ण वातावरण सहित सुनवलको राष्ट्रिय पहिचान कायम गराउन सुनवलको १५ वर्षे विकास रणनीतिको पथमा आगामी वर्षको नीति तथा कार्यक्रम तय गरेका छौं । यस नीति तथा कार्यक्रम नेपाल सरकार र ५ नं. प्रदेश सरकारका आ .ब. २०७७७८ को नीति तथा कार्यक्रम र सुनवल नगरपालिकाको नीतिका निरन्तरतालाई आधारवनाइ **समृद्ध सुनवलः हाम्रो अभियान**को संकल्प प्राप्त गर्न, विश्वव्यापी रूपमा फैलिएको कोरोना भााइरस (कोभिड १९) को संक्रमणबाट आम नगरबासीलाई बँचाउन स्थानीय सरकारको हैसियतले निर्वाह गर्नुपर्ने जिम्मेवारी र दायित्वलाई हृदयांगम् गर्दै आगामी आर्थिक बर्षको नीति तथा कार्याक्रम तय गरेको छु ।

## अव म आगामी आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. कोभिड १९ का कारण वन्दावन्दी भएको अवधिलाई शून्य अवधि मानी सम्पूर्ण सेवाहरूमा विना थप दस्तुर निरन्तरता दिने व्यवस्था गर्दै कोरोना रोकथाम तथा नियन्त्रणका लागि विशेष प्रथामिकता दिइ आगामी बर्षको नीति तथा कार्यक्रमहरू लक्षित गरिएको छ ।

२. कोरोना भाइरस (कोभिड १९) को संक्रमण अवस्था र आधारभूत तहको स्वास्थ्य सेवा प्रवाहलाई दृष्टिगत गरी स्वास्थ्य पूर्वाधारको विकास विस्तार गरिनेछ । सवै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरी सेवा संचालनमा प्रभावकारिता वृद्धि गरिनेछ ।

३. कोभिड १९ को संक्रमण तत्काल निर्मूल नभई लामो समयसम्म रहन सक्ने संभावनालाई दृष्टिगत गर्दै यसको संक्रमणलाई न्यूनीकरण गर्न नेपाल सरकार तथा विश्व स्वास्थ्य सँगठनको प्रोटोकल अनुसारका सामाजिक दूरी लगायत अनुशासन पालनाका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । यसका लागि स्थानीय सँचार माध्यम, नागरिक समाज, सफाइ अभियन्ताहरू, निजी, सहकारी तथा  गैरसरकारी संस्थाहरू, विद्यालय, युवा स्वयम्सेवी र स्थानीय सरोकारवालहरू सँग  सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

४. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नगर क्षेत्रमा औषधी तथा उपकरणको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ । विद्यमान स्वास्थ्य संस्थाको सेवा प्रवाहलाई नागरिकमैत्री, जवाफदेही र सुशासनयुक्त बनाइनेछ । अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाई कार्यसम्पादनमा आधारित मूल्याकंन पद्धति अवलम्वन गरिनेछ ।

५. नागरिकको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि स्थानीय जडीबुटी तथा औषधीजन्य खाद्य पदार्थको उत्पादन,  स्वच्छ र विषादिमुक्त खाद्यवस्तुको उत्पादन र उपभोगका लागि प्रोत्साहित

गरिनेछ । उपभोग्य  व्यवहारमा परिवर्तनका लागि सचेतना अभिवृद्धि गरिनेछ । यसका लागि वहुक्षेत्रीय पोषण कार्यक्रमलाई क्रसकटिङ्ग विषयको रूपमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६. महिला स्वास्थ्य स्वयंसेविकाहरूमा उत्प्रेरणा जागृत गर्न महिला स्वास्थ्य स्वयंसेविका कल्याण कोषका साथै महिला स्वास्थ्य स्वयंसेविकाका लागि सेवा निबृत्ति सुविधाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, पदाधिकारीहरू तथा स्वयम् सेवीहरूलाई उच्च मनोवलका साथ कार्य गर्न प्रोत्साहित गरिनेछ ।

८. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ । नगरपालिका भित्रका हरेक दम्पत्तिको पहिला दुई सन्तानका लागि मात्र हुने गरी सुत्केरी आमाहरूलाई ३५ दिनभित्र वच्चाको जन्म दर्ता गराएपछि प्रत्येक पटक रु. २०००।०० पोषण खर्च उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. जन्मपुर्वदेखि मृत्युपर्यन्तसम्म राज्यको दायित्व बहन गर्दै आर्थिक वर्ष २०७६।७७ देखि यस नगरपालिकाका नागरिकको मृत्यु भएमा ३५ दिनभित्र निज मृतकको मृत्युदर्ता गराउने परिवारलाई मृतकको मृत्युसंस्कार खर्च वापत प्रति घटना रु. ५०००।०० उपलब्ध गराइदै आएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ । बन्दाबन्दीको यस अवधिमा उक्त सुविधा नपाएकाहरूलाई सुविधा उपलब्ध गराइनेछ ।

१०. जेष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका व्यक्ति लगायत विशेष संरक्षण आवश्यक भएका नागरिकको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ । यसका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

११. नगरक्षेत्रभित्र संचालन हुने सबै प्रकारका क्रियाकलापहरू संचालन गर्दा कोभिड १९ को संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि अपनाउनु पर्ने गरी तोकिएका अनुशासन प्रोटोकलको पालना गर्नुपर्ने नीतिलाई कार्यान्वयन गरिनेछ ।

१२. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, ५ नं. प्रदेश सरकार, तथा जिल्लाका प्रशासनिक तथा सुरक्षा निकायहरूका साथै अन्य छिमेकी स्थानीय तहहरूसँग आवश्वयक समन्वय तथा सहकार्य गरिनेछ ।

१३. नगरक्षेत्रमा चिकित्सकीय सेवासहितको स्वाथ्य सेवा उपलब्ध नभएको वर्तमान अवस्थालाई अन्त्य गरी नगरबासीलाई आफ्नै क्षेत्रमा चिकित्सकीय सेवामा पहुँच बढाउन सुनवल नगरपालिका वा.

न. ५ वनकट्टीमा १५ शैयाको प्राथमिक अस्पताल आगामी आ.ब. बाट सञ्चालनमा ल्याइनेछ । नगरसभाबाट स्वीकृत भएको वा.न. ३ र वा.न. ५ प्रस्तावित स्थानमा अस्पतालको भौतिक पूर्वाधार निमाण गर्न ५ नं. प्रदेश सरकारसँग सहकार्य गरिनेछ । नेपाल सरकारबाट स्वीकृत सुनवल स्वास्थ्य चौकी स्तरउन्नति कार्य सुनवल वा.न. ८ मा नगरपालिकाको समन्वयमा प्राथमिक अस्पताल निर्माणको कार्य प्राथमिकताका साथ अगाडी वढाइनेछ ।

१४. खोपकार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी पूर्णखोपयुक्त नगरपालिका रहेको सुनिश्चित गरिनेछ ।

१५. नेपालकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिकाको साखलाई कायम राख्न बालमैत्री स्थानीय शासनको दिगोपनाको रणनीतिक योजनाअनुसार महिला, बालबालिका तथा समाजकल्याणका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालनमा ल्याइनेछ ।

१६. विद्यालयको पठन पाठनलाई वैकल्पिक विधिको प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गरिनेछ । यसका लागि समुदायमा सिकाइ घरघरमा शिक्षक अभियान सञ्चालन गरिनेछ । कोभिड १९ का कारण बालबालिका तथा समुदायमा परेको प्रभावलाई न्यूनीकरण गर्न मनोसामाजिक परामर्श, विद्यार्थी परामर्श, किशोरी परामर्श जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. सामुदायिक विद्यालयलाई विद्यार्थी संख्या, संभाव्यता र आवश्यकताको आधारमा तह घटुवा, स्तरोन्नति र मिलान गरिनेछ ।

१८. सामुदायिक विद्यालयमा सूचना प्रविधिको विस्तारलाई तीव्रता दिँदै प्रविधिलाई शिक्षणको माध्यमका रूपमा प्रयोग गरिनेछ । सूचना प्रविधि पूर्वाधारको लागि विद्यालय तथा शिक्षकसँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. संस्थागत विद्यालयमा सिकाइका न्यूनतम पूर्वाधार पुरा गर्न अनिवार्य गरिनेछ । विद्यालयको वर्गका आधारमा शुल्क र शुल्कका आधारमा शैक्षिक सुविधाको सुनिश्चिता गरिनेछ । संस्थागत विद्यालयलाई नमूना विद्यालयमा रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

२०. स्वयम्सेवी शिक्षकमार्फत शिक्षक अभाव पूर्ति गरिनेछ । स्वयम्सेवी शिक्षक व्यवस्थापनका लागि सुनवलका क्याम्पस तथा १२ कक्षा अध्यापन गराउने विद्यालयसँग साझेदारी गरिनेछ । यसका लागि स्वयम्सेवा परिचालन कार्यविधि जारी गरिनेछ । शिक्षक व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२१. सबै बालविकास केन्द्रमा न्यूनतम मापदण्ड लागु गरिनेछ । वडामार्फत व्यवस्थापन हुने गरी एक वडा एक सुविधा सम्पन्न बालबिकास केन्द्र तथा एक वडा एक नमुना विद्यालय निर्माण गर्न वडा मार्फत समुदायलाई प्रोत्साहन गरिनेछ ।

२२. बालबालिकाको सिकाइ उपलब्धि प्रति शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई पूर्ण जिम्मेवार बनाइनेछ । विद्यालयमा सुशासन कायम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. सामुदायिक तथा संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण गरिनेछ ।

२४. शिक्षक तालिम, विद्यालय व्यवस्थापन समितिको तालिम र अभिभावक शिक्षालाई शैक्षिक सुधारको अभिन्न अंगको रूपमा स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. विद्यालयमा खेलकुद, सँगीत तथा शारीरिक व्यायामका कार्यक्रमलाई अनिवार्य गरिनेछ ।

२६. विद्यालयका अचल सम्पत्तिको उत्पादनमूलक तथा आयमूलक कार्यमा परिचालन गर्न एक कार्यविधि जारी गरिनेछ ।

२७. विपन्न, दलित, जनजाति, बालश्रममा परेका, अभिभावक विहीन, गरीव एवम् जेहेन्दार बालबालिकाहरूलाई **छात्रवृत्ति** र उपमेयर **छात्रा प्रोत्साहन**, नगरपालिका प्रतिभा पहिचान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२८. विद्यालय न्यूनतम मापदण्ड तथा प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको बीचमा कार्यसम्पादन सम्झौता कार्यन्वयनमा ल्याइनेछ ।

२९. सुनवल नगरपालिकाले माध्यमिक विद्यालयहरूमा यातायात सुविधा विस्तारको कार्यलाई निरन्तरता दिइनेछ । आगामी आ.व.मा श्री वाक्वाणी माध्यमिक विद्यालय र श्री रमवापुर माध्यमिक विद्यालयलाई यातायात सुविधा उपलब्ध गराइनेछ ।

३०. सुनवलको विकास, सुशासन, समृद्धि र सामाजिक सुरक्षामा युवा जनशक्तिको भूमिकालाई विस्तार गर्दै नमुना उद्यमी प्रोत्साहन, राष्ट्रपति रनिङ्ग सिल्ड, मेयरकप फुटवल, मेयरसँग बालबालिका कार्यक्रम, उपमेयर भलिवल प्रतियोगिता मार्फत राष्ट्यि पहिचानयुक्त खेलाडीको विकास गरिनेछ ।

३१. नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन नगरभित्रका सम्पन्न भई सञ्चालनमा रहेका खानेपानी योजनाको क्षमता वृद्धि तथा गुणस्तर सुधार, निर्माणाधीन आयोजनाहरू सम्पन्न गरी सञ्चालनमा ल्याउने र अन्य संभाव्य योजनाहरूको पहिचानको कार्य अगाडि बढाइनेछ ।

३२. सुनवल नगरक्षेत्रभित्र सञ्चालित खानेपानी सरसफाइ उपभोक्ता समितिले निर्धारण गरेका जडानशुल्क तथा खानेपानी महसुलमा एकरूपता ल्याइनेछ । नगरमा खानेपानी, सरसफाइ तथा

स्वच्छताको दीर्घकालीन व्यवस्थापनका लागि नगर वास प्रोफाइल निर्माण गरी वास योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

३३. नगरलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषिलाई उच्च प्राथमिकता दिइनेछ । उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । नगरका विभिन्न क्षेत्रमा संभाव्यताका आधारमा विभिन्न खाद्यान्न, तरकारी तथा फलफुल खेतीको पकेटक्षेत्र निर्धारण गरी उत्पादनमा वृद्धि गर्न आवश्यक सहुलियत र प्राविधिक सहायता उपलब्ध गराइनेछ । कृषकहरूको उपभोक्ता सँग सिधै सम्पर्क गराउन अनलाइन कृषि बजार सञ्चालन गरिनेछ ।

३४. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, बीउ, कीटनाशक औषधीको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

३५. उत्पादित कृषि उपजको भण्डारण, प्रशोधन र बजारीकरण उद्योग वाणिज्य संघ सुनवल, सुनवलका सहकारीहरू, विभिन्न समूहहरूसँग समन्वय र प्रोत्सहान गरिनेछ ।

३६. कृषि तथा पशु बिमा कार्यक्रमलाई विस्तार गर्दै कृषकलाई बिमा कार्यक्रममा सहभागी हुन प्रोत्सहित गरिनेछ । पशु बिमामा पचास प्रतिशत अनुदानको व्यवस्था गरिएको छ ।

३७. नगरक्षेत्रमा रहेका बाँझो जग्गाको तथ्यांक संकलन गरी बाँझो जग्गाको पूर्ण उपयोगका लागि एक कार्यविधि जारी गरिनेछ । भूमी वैंकको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ । जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । कौसी खेती प्रविधिलाई अवलम्बन गर्न प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

३८. सतह तथा भूमिगत सिंचाइ र वर्षाको पानी संकलन तथा सिंचाइका उपयुक्त प्रविधिको प्रयोग गरी वर्षैभरी सिंचाइ सुविधा उपलब्ध गराउने कार्यका लागि आवश्यक पहल गरिनेछ । कृषि उपजको पकेट क्षेत्रका आधारमा हरेक वडामा कम्तीमा एक बोरिङ निर्माण गर्ने कार्यलाई अगाडि वढाइनेछ । एक घर एक करेसाबारी र एक घर दुई बहुवर्षीय बिरुवाको नीतिलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न नक्सा पास तथा घरनिमार्ण सम्पन्न गर्दा अनिवार्य रूपमा नियमन गर्ने व्यवस्था गरिनेछ ।

३९. नगरमा कृषि क्षेत्रको योजना तर्जुमालाई बढीभन्दा बढी यथार्थपरक बनाउन नगरक्षेत्रको कृषि तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिनेछ ।

४०. नगरपालिकाबाट निर्माण शुरुआत गरेको सुनवल नगरपालिकाको वडा नं. ९ स्थित नमुना कृषि फर्मको विकासका लागि ५ नं. प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

४१. स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा नगरक्षेत्रमा खाद्यान्न उत्पादन तथा भण्डारणको अवस्थालाई त्रैमासिक रूपमा अद्यावधिक गरी खाद्यान्न लगायतका सामग्रीको अभाव हुन नदिने पद्धतिको विकास गरिनेछ ।

४२. पशुपालनमा नश्ल सुधारका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४३. स्थानीय उत्पादनलाई सहकारी तथा स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा वजारीकरण प्रवर्द्धन गरिनेछ ।

४४. स्थानीय हाट वजारस्थलहरूको पूर्वाधार निर्माण गरिनेछ । विभिन्न वडाहरूलाई पायक पर्ने गरी खाद्यउपज संकलन केन्द्र निर्माण गर्न गैरसरकारी क्षेत्रसमेतसँग सहकार्य गरिनेछ ।

४५. उत्पादनलाई सुरक्षित राख्न यस नगरपालिकाको वडा नं. २ मा निर्माणाधीन सहकारी शीतभण्डार भवन निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार, ५ नं. प्रदेश सरकार लगायत जिल्लाका अन्य स्थानीय तह तथा सहकारी संघ संस्थाहरूसँग सहकार्य गरिनेछ ।

४६. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्द्धन गर्न सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ ।

४७. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको सीपको विवरणसमेत रोजगार सेवा केन्द्रमा अद्यावधिक गरी त्यस्ता व्यक्तिलाई नगरभित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

४८. कोभिड १९ को कारण विदेशमा रोजगारीको सिलसिलामा रहेका युवाहरू फर्किन सक्ने संभावनालाई मध्यनजर राख्दै त्यस्ता युवाहरूले विदेशमा सिकेको सीपको उपयोग गरी स्थानीय स्रोतमा आधारित उद्यमशिलता मार्फत स्वरोजगार प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ ।

४९. नगरक्षेत्रभित्रका दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घरपरिवारलाई रोजगारीका लागि स्थानीयस्तरमा संचालन हुने निर्माणका योजनाहरूमा काम गर्ने अवसर प्रदान गर्न सम्बद्ध निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूसँग समन्वय गरिनेछ ।

५०. उपभोक्ताको हित प्रवर्द्धन तथा खाद्य पदार्थ लगायतका सामग्रीहरूमा हुने मिसावट लगायतका समस्यालाई न्यूनीकरण गर्न सुनवल नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम बजार अनुगमन कार्यलाई चुश्त र प्रभावकारी वनाइनेछ । बजारमा व्यापारीहरूले मूल्यसूची राख्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्दै उक्त व्यवस्थाको कार्यान्वयनका लागि सघन अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

५१. नगरक्षेत्रका बेरोजगार युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । रोजगार सेवा केन्द्रमा सुचिकृत दक्ष, अर्धदक्ष र अदक्ष बेरोजगारहरूको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसँग सहकार्य गरिनेछ । कोरोनाका कारण उच्च जोखिममा परेका वर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा प्राथमिकता दिइनेछ ।

५२. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन नेपाल सरकार, प्रदेश सरकार, विभिन्न गैरसरकारी संघसंस्थाको सहकार्यमा रोजगार प्रवर्द्धन, सचेतना कार्यक्रम संचालन गरिनेछ । रोजगार सूचनालाई थप प्रभावकारी बनाइनेछ । वैदेशिक रोजगारीबाट प्राप्त जनशक्तिजन्य लाभको पहिचान र प्रयोग गर्न ठोस कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५३. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारण जारी बन्दाबन्दीको कारणबाट आर्थिक वर्ष २०७६।७७ का वार्षिक विकास कार्यक्रम तथा योजना सम्झौता भै सम्पन्न हुन नसकेका र सम्झौता हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको वजेटमा समावेश गरी सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

५४. सुनवल नगरपालिकाको विगतका वर्षका नीति तथा कार्यक्रम र वजेटका आधारमा यस नगरका धुर्कोट फेदी लगायतका विकट बस्तिहरूलाई नगरको केन्द्रसँगको सहज पहुँच बढाउन सडक सञ्जालको विकास भएको छ । यस्ता सडकहरूको स्तरोन्नति गरी नगरस्तरको सडक सञ्जालको विकास र विस्तार गरिनेछ ।

५५. विकास योजनाहरूमा उपभोक्ताको अपनत्व बढाउन विगतका वर्षदेखि कार्यान्वयनमा आएको ६०:४० लागत सहभागितामा निर्माण हुने पूर्वाधार विकास सम्बन्धी साविकका आयोजनाहरूलाई बजेटको उपलब्धताका आधारमा कार्यान्वयन गरिनेछ ।

५६. सुनवल नगरपालिकाभित्र विगतका वर्षहरूमा निर्माण भएका योजनाहरूको मर्मत संभार तथा स्तरोन्नति गर्ने प्रक्रिया अगाडी वढाइने नीतिलाई निरन्तरता दिइनेछ ।

५७. सुनवल महलपोखरी हुदै पाल्पा रामपुर काली गण्डकी कोरिडोर हुँदै तनहूँ जोड्ने सडक, भुमही बेबेरे मिजादमार हुँदै गण्डकी प्रदेशको विनयी त्रिवेणी गाउपालिकाको वडा नं. ५ देउराली, हुदै ५ नं. प्रदेशको पाल्पा रामपुरसम्म जोड्ने सडक, सुनवल परासी सडकलाई ४ लेनमा विस्तार गर्ने योजना, हुलाकी सडक तथा बुद्ध सर्किटको लिंक मार्गको रूपमा रहेको सुनवल ७ ज्यामिरे अस्नैया अरनिको बस्ति हुँदै रामपुर चौराहा सडक, एकभन्दा बढी स्थानीय तह तथा अन्तर प्रदेश

पहुँच बढाउने व्यापारिक तथा व्यवसायिक उपयोगिता भएका रणनीतिक सडकहरूलाई प्राथमिकताका साथ सम्बन्धित निकायहरूसँगको समन्वयमा निर्माण कार्य अगाडी बढाइनेछ ।

५८. सुनवल रिङ्गरोड, नयाँ बस्ति, रजाहाहुँदै बिसी मिल मंगलनगर सडक, सुनवल बनाहा बेलारी सडक, भुमही जर्गाहा सडक, तुरिया अटोभिलेज जाने सडक, देवकोटा स्कुल कीर्तिपुरहुँदै वडा नं. १३ को घ्यूडल्ला जोडने सडक, ज्यामिरेहुँदै वडा नं. ८ रामपुर जोड्ने सडक लगायतका अन्तर वडा कनेक्टीभिटी बढाउने सडकहरूलाई उच्च प्राथमिकतामा राखी निर्माण तथा स्तरोन्नति गरिनेछ ।

५९. नगरस्तरीय सडक सञ्जालको प्रारूप तयार गरी उक्त सञ्जालभित्रका सडकहरू बाह्रै महिना सञ्चालन हुने गरी निर्माण, स्तरोन्नति तथा मर्मत संभारको कार्य गरिनेछ ।

६०. नगरका विभिन्न क्षेत्रहरूमा हुने र हुनसक्ने डुवान तथा कटान जस्ता समस्यालाई निराकरण गर्न ढल निकास योजना कार्यान्वयनमा ल्याइनेछ। यसका लागि सुनवल बजारक्षेत्र र भुमही बजार क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी कार्य गरिनेछ ।

६१. सुनवल नगरपालिकाको दिगो विकासलाई आधार मानी राष्ट्रिय भवन संहिताका साथै सुनवल नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड २०७५ कडाइका साथ लागु गरिनेछ । **नक्सा पासविना घर बनाउने कार्यलाई निरुत्साहित गर्न नगरपालिकाबाट प्राप्त हुने सेवा रोक्का गर्न सक्ने नीति लिइनेछ।**

६२. नगरपालिकाभित्र अतिक्रमण भएका सार्वजनिक जग्गाहरूको लगत अद्यावधिक गरिनेछ । देवदह ताल लगायत अतिक्रमणमा परेका ऐतिहासिक महत्त्वका क्षेत्रहरूलाई प्राथमिकता दिई सार्वजनिक जग्गाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

६३. पूर्वाधार निर्माण सम्बन्धी नगर गौरवका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माण कार्य सम्पन्न गर्न संघीय सरकार तथा प्रदेश सरकारका साथै नेपाल सरकारमार्फत अन्य दातृ निकायहरूसँग समन्वय गरिनेछ ।

६४. सुनवल हिलपार्क निर्माणको कार्यलाई सार्वजनिक नीजि साझेदारीको अवधारणा अन्तर्गत अगाडि बढाइनेछ । यस आयोजनालाई सुनवलको गौरवको आयोजनाको रूपमा निर्माण तथा संचालन प्रक्रिया अगाडी वढाई संस्थागत रूपमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६५. सङ्घीय सरकार र प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुन सक्ने समपूरक अनुदान तथा विशेष अनुदानको अवसरलाई बढीभन्दा बढी प्राप्त गरी उपयोग गर्ने उद्देश्यका साथ यस

नगरका नगर गौरवका साथै विभिन्न रणनैतिक महत्त्वका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव (डी.पी.आर.) तयार गरी उक्त अनुदान प्राप्तिका लागि विशेष पहल गरिनेछ ।

६६. नगरक्षेत्रमा विद्युत सेवा नपुगेका क्षेत्रहरूमा विद्युतसँग सम्वन्धित समस्याहरूको समाधान गर्न नगरपालिकाको प्रयासमा शुरु गरिएको विद्युत लाइन विस्तार तथा स्तरोन्नतिको कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ । नगरका विभिन्न क्षेत्रमा विद्युत खपतको माग र आपूर्तिलाई ध्यानमा राखी विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत विस्तारका साथै विद्युत ट्रान्सफर्मरको व्यवस्थापन गर्दै जाने नीति कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

६७. नगरपालिकाको शहरी पूर्वाधार विकासका साथै संस्थागत क्षमता विकासका लागि नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको साझेदारीमा शहरी पूर्वाधार लगानी आयोजना कार्यान्वयनमा पहल गरिनेछ ।

६८. पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्नेगरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ ।

६९. कोभिड १९ बाहेकका विपद्हरूको रोकथाम तथा न्यूनीकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेट व्यवस्था गरिनेछ ।

७०. सुनवल नगरपालिकाको वडा नं. ४, मच्छरमारा स्थित हाल फोहरमैला व्यवस्थापन भइरहेको स्थानमा ल्याण्डफिल्ड साइट निर्माण गर्न आवश्यक जग्गा प्राप्तिको प्रक्रिया थालनी गरी आयोजनाको बिस्तृत लागत अनुमानका र वातावरणीय प्रभाव अध्ययनका आधामा दातृनिकायहरूसँग सहकार्य गरी आयोजना कार्यान्वयन गरिनेछ ।

७१. नगरपालिकाक्षेत्रभित्र वन तथा वातावरण संरक्षणका लागि नगरपालिकाक्षेत्रभित्रका सामुदायिक तथा साझेदारी वन उपभोक्ता समितिहरूसँग सहकार्य गरिनेछ । यस नगरपालिकाको बन तथा वातावरण सम्बन्धी ऐन, एवम् नीतिका आधारमा वनक्षेत्रमा पाईने जैविक विविधता पहिचान गर्दै अनुसन्धानात्मक कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ । सामुदायिक, साझेदारी तथा निजी बनहरूसँग कानुन बमोजिम श्रोत बाँडफाँड तथा योजना तर्जुमा र कार्यान्वयनमा साझेदारी गरिनेछ ।

७२. नगरपालिकाभित्रका सबै सरकारी तथा गैरसरकारी कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोनभन्दा तलका प्लाष्टिकका झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरूलाई निरूत्साहित गरिने छ ।

७३. नगरपालिकाको मुख्य वजार केन्द्रका रूपमा रहेका सुनवल वजार क्षेत्र र भुमही वजारक्षेत्रबाट प्लाष्टिक मुक्त क्षेत्र अभियानको शुरुआतगरी क्रमशः विस्तार गर्दै लगिनेछ ।

७४. ठूला पूर्वाधार विकास कार्यक्रमहरू संचालन गर्दा वातावरणीय प्रभाव अध्ययन कार्यलाई विशेष प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

७५. नदीजन्य पदार्थको संकलन कार्यलाई व्यवस्थित बनाउन वातावरणीय अध्ययन सम्बन्धी विषयहरूलाई ध्यानमा राखी व्यवस्थित गरिनेछ । नदीजन्य पदार्थ व्यवस्थापन गर्न नगरपालिकाको प्रविधिमैत्री नीति तय गरी कार्यान्वयन गरिनेछ । नगरपालिकाको आन्तरिक राजश्वको प्रमुख स्रोतको रूपमा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका लागि प्राकृतिक स्रोत संरक्षण र संबर्द्धन गर्न बन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा लगानी गर्ने नीतिको अवलम्बन गरिनेछ । राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमलाई थप प्रभावकारिताका साथ कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

७६. नगरक्षेत्रको नदीजन्य पदार्थ सुनवलको आन्तिरक आयको महत्वपूर्ण हिस्सा भएको र सुनवलको वातावरणीय व्यवस्थापनको महत्त्वपूर्ण पक्ष भएकाले नदीजन्य पदार्थको उत्खनन, विक्रीवितरण तथा परिचालनलाई सुव्यवस्थित र प्रभावकारी बनाइ नदीजन्य वस्तुको दिर्घकालीन संरक्षण गर्न स्थानीय कानुनको तर्जमा गरिनेछ ।

७७. आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ । करको दायरालाई फराकिलो बनाउँदै करका दरहरू यथावत राखी कोभिड १९ बाट प्रभावितका क्षेत्रमा कर छुट सहुलियतको व्यवस्था गरिनेछ । नगरपालिकाको आन्तरिक आयको लक्ष्य प्राप्तिका लागि राजश्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनुका साथै वडागत तथा नगर स्तरीय लक्ष्य निर्धारण गरी कार्यान्वयन गरिने छ ।

७८. कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि जारी बन्दाबन्दीको कारण नगरपालिकाको आन्तरिक आय संकलनमा परेको असरलाई दृष्टिगत गरी आय संकलन विधि र प्रक्रियामा सुधार गरिनेछ ।

७९. कृषिजन्य व्यवसायमा कर सहुलियत प्रदान गरिनेछ ।

८०. नगरपालिकाभित्र उच्चतम तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ । नगरपालिकाको मेरूदण्डको रूपमा रहेको आन्तरिक स्रोतलाई व्यवस्थित र दिगो बनाउन निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य संघसँग सहकार्य गरिनेछ ।

८१. विकास पत्रकारितालाई प्रोत्साहन गरिनेछ । नगर विकासका गतिविधिहरूलाई नगरबासी सामु सुसूचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउनका लागि राज्यको चौथो अंगको रूपमा स्थापित संचारकर्मी तथा पत्रकारहरूसँग सहकार्य गरिनेछ ।

८२. पाँचलाख भन्दा माथिको कुल लागत भएका प्रत्येक योजनामा अनिवार्य रूपमा सार्वजनिक सूचनापाटी राख्ने व्यवस्था गरिने छ र आयोजना संचालनका कानुन तथा कार्यबिधि अनुसारका नीति र प्रकृयालाई क्रियाशील बनाइने छ ।योजना कार्यान्वयन गर्दा पेश्की शून्य नीतिलाई निरन्तरता दिइनेछ ।

८३. नगरपालिकाभित्रका सबै सेवा एकाइहरूलाई प्रविधिमैत्री वनाइनेछ।

८४. सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्च व्यवस्थापनसहित प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्च कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।

८५. यस नगरपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता विकास कार्यलाई प्रविधिमैत्री बनाई क्षमताविकासको कार्यलाई निरन्तरता दिइनेछ । सुनवल नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरी प्रोत्साहन गरिनेछ । यस कार्यका लागि आवश्यक कर्यविधि तयार गरी लागु गरिनेछ ।

८६. नगरपालिकाका हरेक गतिविधिलाई पारदर्शी वनाइनेछ । सूचना प्रविधिको माध्यमबाट नगरका गतिविधिलाई सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८७. सुनवल नगरपालिकाको प्रशासनिक गतिबिधिलाई दिगो र प्रविधि एवम् सेवाग्राहीमैत्री बनाईने छ । नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई कार्य सम्पादन मूल्यांकनका आधारमा साबिक बमोजिम प्रोत्साहन उपलब्ध गराइनेछ ।

८८. कोभिड–१९ को कारणबाट उत्पन्न असहज परिस्थितिको सामना गर्न र तत्कालीन आवश्यकताको आधारमा प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न नीजी क्षेत्र, गैरसरकारी संस्था, सहकारी तथा सामुदायिक संस्थाहरूलाई परिपूरक भूमिकामा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

८९. सुनवल नगरपालिकाभित्र विद्यालयको हाताको २०० मिटर वरिपरी कुनै पनि सुर्तिजन्य पदार्थ, मादकपदार्थ विक्रीवितरण गर्न बन्द गरिनेछ । खाद्यवस्तु तथा सुर्तिजन्य, मदिराजन्य वस्तुको विक्रीवितरण एकै स्थानबाट गर्ने, खुला मासुजन्य वस्तु तथा खाद्यवस्तुको विक्रिवितरण गर्ने कार्यलाई निरूत्साहित गरिनेछ ।

**अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू !**

यस नीति तथा कार्यक्रम तयार गर्दा विगतका बर्षहरूमा अवलम्बन गरिएका प्रमुख नीति एवं कार्यक्रमहरूलाई निरन्तरता दिइएको र विगतका राम्रा प्रयासहरूलाई अत्मसात गरिएकोले नगरको समग्र समृद्धिका बाटोमा विगतका गरिमामय सभाहरूबाट तय भएका नीतिहरूलाई महत्त्वपूर्ण मानिएको छ ।

आरदरणीय नगरबासीहरूको विकास, सम्बृद्धि र सुशासनको अपेक्षालाई पूरा गर्न विगतका बर्षहरूमा झैं नीति कार्यक्रम लगायत बजेट कार्यान्वयन गर्ने सम्पूर्ण गतिविधिमा सुनवल नगरबासी आमा बुवा, दिदिबहिनी तथा दाजुभाइहरूबाट साथ र रचनात्मक सहयोगको अपेक्षा गरेको छु । आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको ईमान्दारीपूर्ण एवं रचनात्मक सहयोग प्राप्त भएमा सुनवलको समृद्धिको जगमा सबल भई नगरको क्रमिक एवम् अपेक्षित विकासको उचाई प्राप्त हुनेछ । तसर्थ सुनवलको विकास र समृद्धि हाम्रै हातमा छ भन्ने कुरामा म विश्वस्त छु ।

अन्तमा,

यस ऐतिहासिक सातौं नगर सभामा पाल्नुभएका नगर उप-प्रमुखज्यू र नगर सभाका सम्पूर्ण सदस्यज्यूरुहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । नगरपालिकाको विकासका लागि वजेट तथा कार्यक्रमका साथ सहयोग गर्नुहुने संघीय सरकार र ५ नं. प्रदेश सरकारप्रति विशेष आभार प्रकट गर्दछु । नगरको समग्र विकास अभियानमा सदैव संवेदनशील भई सहयोग गर्नुहुने सबै राजनीतिक दल, संघीय सरकार, ५ नं. प्रदेश सरकार तथा जिल्लास्थित सबै निकायहरू, सुरक्षा निकायहरू, सबै गैह्रसरकारी संघ संस्थाहरू, सहकारी, उद्योग वाणिज्य संघ, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, पत्रकार लगायत दातृ निकाय र आदरणीय नगरबासी आमावुबा, दिदीवहिनी तथा दाजुभाइहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैको निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु ।

सुनवल नगरपालिकाको नीति तथा कार्यक्रम एवम् वार्षिक नगर विकास योजना तय गर्न अहोरात्र खटिई ऐतिहासिक नगर सभाको जिम्मेवारी पूरा गर्न सहयोग पुऱ्याउनु हुने सबै जन-

प्रतिनिधिज्यूरुहरू, सुनवल नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दै कोभिड–१९ विरुद्धको लडाइँमा क्वारेन्टाइन निर्माण तथा सञ्चालन, आईसोलेसन निर्माण तथा संचालन लगायतमा खटिनुहुने सम्पूर्ण महानुभाव प्रति आभार प्रकट गर्दै कोरोना भाइरसबाट संक्रमित सबैको शीघ्र स्वाथ्यलाभको कामना गर्दछु । यस नगर क्षेत्रमा नगरको विकास लगायत विश्वव्यापी महामारी कोरोना नियन्त्रण र रोकथाममा समस्त नगरबासीहरूको सहयोगको लागि पुनः आह्वान गर्दछु ।

धन्यवाद

भीम बहादुर थापा क्षेत्री

नगर प्रमुख

मितिः २०७७ असार १०. गते रोज  बुधवार

शुभम्